# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

(मर्जर प्रक्रियामा गुणात्मक फड्को)

## ग्लोवल आइएमइ बैंक र कमर्ज एन्ड ट्रष्ट बैंक मर्जर भए

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त बैंकहरू ग्लोवल आइएमई बैंक र कमर्ज एन्ड ट्रष्ट बैंकबीच मर्जर भई नयाँ वाणिज्य बैंक ग्लोवल आइएमई बैंक लि. स्थापना भई एकीकृत कारोवार शुभारम्भ भएको छ । मुलुकमा बैंक तथा वित्तीय संस्थाको संख्या अधिक हुन गई ती संस्थामा विभिन्न समस्या देखिएको सन्दर्भमा सोको समाधानका लागि नेपाल राष्ट्र बैंकले ल्याएको मर्जर नीति अनुसार यी बैंकहरु मर्जर भएका हुन् । यस सँगै मुलुकमा 'क' वर्गका वाणिज्य बैंकको संख्या ३० हुन पुगेको छ ।

एकीकृत कारोबार शुभारम्भ समारोहलाई विशिष्ट अतिथिको रूपमा सम्बोधन गर्दै गभर्नर खतिवडाले बैंकहरु मर्जर भई एकीकृत सेवा प्रारम्भ भएसँगै संस्था सबल एवम् स्वस्थ हुँदै गएको सन्देश दिन सक्नुपर्ने आवश्यकता औँल्याउनुभयो । स्वस्फूर्त रूपमा मर्जरमा जान सफल भएकोमा व्यवस्थापनलाई बधाई दिनुहुँदै गभर्नर खतिवडाले आगामी दिनमा अग्रणी बैंकका रुपमा स्थापित हुन व्यवस्थापनलाई शुभकामना दिनुभयो । मुलुकमा बैंक तथा वित्तीय संस्थाको संख्यात्मक वृद्धि हुँदा प्रतिष्पर्द्धा एवम् पारदर्शिता बढ्न जाने र यससँगै गुणात्मकता पनि वृद्धि हुने आशा गरिएकोमा सो हुन नसकेको भन्नुहँदै गभर्नर खतिवडाले मर्जरका लागि आगामी दिनमा सेवाबाट बाहिरिन चाहने बैंक तथा वित्तीय संस्थाका लागि प्राप्तिको प्रावधान सहित एक्विजिसन सम्बन्धी नीति ल्याइने जानकारी दिनुभयो । संख्यात्मक अभिवृद्धि मात्र आर्थिक अभिवृद्धि र समावेशी आर्थिक विकासका लागि पर्याप्त नहुने बरु नियमक निकायलाई थप भार बढ्ने रहेछ भन्ने अनुभव व्यक्त गर्दै उहाँले मर्जरबाट बलियो पुँजीगत आधार बनाउँदै अघि बढ्न र लगानीका नवीन क्षेत्र पहिचान गरी आर्थिक विकासमा योगदान पुऱ्याउन बैंकलाई सझाव दिनुभयो ।

बैंक तथा वित्तीय संस्थाको मर्जरबाट वित्तीय समावेशीकरणको प्रक्रिया थप सुदृढ हुने आशा व्यक्त गर्दै गभर्नर खतिवडाले नेपालमा विदेशी बैंकका शाखा खोल्नका लागि स्वीकृति दिइ सकिएको, नेपालमा लगानीको सम्भावना बढ्दै गएको, वित्तीय क्षेत्रको प्रतिष्पर्द्धा अझै बढेर जाने सम्भावना भएकाले यस दिशामा नयाँ ग्लोवल आइएमई बैंक खरो उत्रने आशा व्यक्त समेत गर्नुभएको थियो ।

यी दुई संस्था गाभिएपछि उक्त बैंकको ५ अर्बको पुँजी कोष, ४९ अर्ब निक्षेप, ४१ अर्ब कर्जा, १२० भन्दा बढी शाखा सञ्जाल ( शाखारहित र एक्स्टेन्सन सेवा सहित) र सेवाग्राही ५ लाख पुगेको समारोहमा जानकारी गराइएको थियो ।

२०७० चैत्र २६ गते, बुधवार

गभर्नरको कार्यालय